**२०७८ असोज ५ गते**

# नेपाल धितोपत्र बोर्डका अध्यक्षले पदीय मर्यादा विपरित कार्य गरेको भन्ने सम्बन्धमा जाँचबुझ गर्न गठित समितिले प्रतिवेदन पेश गरेको सम्बन्धी प्रेस नोट

नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री भिष्मराज ढुङ्गानाले पदीय मर्यादा विपरित धितोपत्रको भित्री कारोबार तथा धितोपत्र व्यवसायमा संलग्न भई बोर्डको हित तथा पुँजी बजारको विकास विपरित हुने गरी कामकारबाही गरेको सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ७ को उपदफा ७ बमोजिम जाँचबुझ गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।५।१६ गतेको निर्णयानुसार धितोपत्र बोर्ड सम्बन्धी नियमावली,२०६४ को नियम ११ बमोजिम उच्च अदालत पाटनका पूर्व न्यायाधिश श्री अनन्तराज डुम्रेको अध्यक्षतामा गठित जाँचबुझ समितिले आज मिति २०७८ असोज ५ गते माननीय अर्थमन्त्री जनार्दन शर्मा 'प्रभाकार' समक्ष आफ्नो प्रतिवेदन पेश गरेको छ।

उक्त अवसरमा प्रतिवेदन ग्रहण गर्दै माननीय अर्थमन्त्रीले हालका दिनहरुमा धितोपत्र कारोबारमा सर्वसाधारणहरुको सहभागिता उल्लेख्य रुपमा बढेको र पुँजी बजारको नियमन तथा लगानीकर्ताहरुको हित प्रवर्द्धनका लागि नियुक्त व्यक्तिको सम्बन्धमा सार्वजनिक रुपमा प्रश्न उठेको हुँदा सरकारले सो को निरुपणका लागि जाँचबुझ समिति गठन गरेको कुरा व्यक्त गर्नु भयो। नेपाल सरकार लगानीकर्ताको हित संरक्षणमा सदैव प्रतिवद्ध रहेको हुँदा प्रतिवेदनको अध्ययन पश्चात यस सम्बन्धमा सरकारले आवश्यक निर्णय लिने विचार राखुहुँदै माननीय मन्त्रीले प्रस्तुत प्रतिवेदनले धितोपत्र बजारको प्रवर्द्धन र विकासमा थप योगदान पुर्याउने विश्वास समेत व्यक्त गर्नुभयो। साथै, माननीय मन्त्रीले तोकिएको समयभित्रै प्रतिवेदन तयार गरेकोमा जाँचबुझ समितिका सदस्यहरुलाई नेपाल सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो।